# कमला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### माची, भिटकहिया, धनुषा
मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४

चलानी नं.: ३८

मिति २०८३।४।५......

**औषधी उपचार खर्चको लागि नवीकरण सम्बन्धि सुचना**

**सुचना प्रकाशित मिति २०८३।०४।०५ गते**

उपरोक्त बिषयमा श्री सँघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय , शिंहदरवार काठमाडौंको प.सं.२०७८।०७९ च.नं.५१५ मिति २०७८।०२।१८ गतेको प्राप्त पत्रानुसार र श्रीं स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ , काठमाडौंबाट जारी भएको मृगौला प्रत्यारोपन गरेका ,डायलाईसिस गराईरहेका , क्यानसर रोगी र मेरुदण्ड पक्षाघात घएका बिरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धि कार्यबिधि , २०७८ मा मासिक रु.५०००/- ( अक्षरेपी पाँच हजार रुपैंया मात्र ) उपलब्ध गराईने भनि व्यवस्था भए अनुसार यस नगरपालिका भित्र औषधी उपचार खर्च पाईरहेका लाभग्राहीहरुले तपसिल अनुसारकाका कागजातहरु सहित आ.व.२०८३।०८४ को सुचना प्रकाशित भएको मितिले १४ दिन भित्र नविकरण गरि लिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । उपरोक्त किसिमका औषधी उपचार खर्च पाईरहेका लाभग्राहीहरुले म्याद भित्र नविकरण नगराए औषधी उपचार वापतको रकम उपलब्ध नहुने ब्योहोरा समेत जानकारी गराईन्छ ।

...............

डा.श्रवण कुमार साह

उप-सचिव

प्रमुख प्रशासकिय अधिकृत

डा. श्रवण कुमार साह
उप सचिव
प्रमुख प्रशासकीय अधिकृत

...............

विशेश्वर यादव

नगर प्रमुख

विशेश्वर यादव
नगर प्रमुख

| नवीकरणको लागि पेश गर्नुपर्ने कागजातहरु | सेवा उपलब्ध नहुने अवश्थाहरु |
|---|---|
| १. नागरिकता प्रमाणपत्रको प्रतिलिपि<br>२. नावालकको हकमा जन्मदर्ताको प्रतिलिपि<br>३. अनसुची १ बमोजिम चिक्त्सिकको सिफारिस<br>४. मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्वन्धि प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपि<br>५. लाभग्राही अनुसुची २ बमोजिमको निवेदन साथै सम्बन्धित वडाको सिफारिस पत्र<br>६.सम्वन्धित व्यक्तिको एन.आई.सि.एसिया बैंकको खाता नम्बर अनिवार्य<br>७. बिरामीको व्यक्तिगत प्यान नम्बर , वडाको सिफारिस पत्र , हालको बिरामी उपचार पुर्जा<br>८. राष्ट्रिय परिचयपत्रको फोटोकपि | १. नेपाल सरकारको पुर्ण वा आंसिक स्वामित्व भएको संस्था / संगठनबाट रोजगारी निवृतिभरण वा बिदेशी सरकारवाट रोजगारी वा पेन्सन प्राप्त गरिरहेको ब्यक्ति ।<br>२. नेपाल सरकारबाट उपलब्ध गराउँदै आईरहेको जेष्ठ नागरिक भत्ता , एकल महिला भत्ता , दलित भत्ता , अपाङ्ग भत्ता लगायत नेपाल सरकारवाट पाईरहेको समाजिक शुरक्षा भत्ता वा यस निर्देशिका बमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता / मासिक वृति मात्र प्राप्त गर्ने छन<br>३. यसै सुचनामा उल्लेखित एक भन्दा बढि रोग लागेका ब्यक्तिले दोर्हो पर्ने गरी यस किसिमको भत्ता प्राप्त गर्ने छैन । |

आवश्क कार्यार्थ :

श्री वडा कार्यालयहरु सबै , ( वडा नं.१ देखि ९ सम्म ) कमला नगरपालिका माची भिटकहिया , भनुषा।

थप जानकारिको लागि मो.नं. ९८६४०३९९०० , ९८६४०७४४४०

CamScanner